म.जि.प्र.का दर्ता न:
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ९२ २०८० फागुन ८ गते मंगलबार 20 February 2024, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-




## डँढेलो लाग्न सुरु, डँढेलोको जोखिम उच्च



*भीमफेदी गाउँपालिकाको भैँसेमा काँसघारीमा आइतबार डँढेलो लागेको दृश्य ।*

रामकृष्ण घोरासैनी

हेटौंडाः फागुन दोस्रो साता सुरु भएसँगै मकवानपुरका विभिन्न स्थानमा डँढेलो लाग्न सुरु भएको छ । गत साता हेटौंडा-१८, हर्नामाडी र कैलाश गाउँपालिकामा घरमा आगलागी भएको छ । यस वर्ष हिउँदे वर्षा नभएका कारण डँढेलोको जोखिम उच्च छ । यही सातादेखि हेटौँडा आसपासका जंगलमा डँढेलो लाग्न सुरु भएको छ । आइतबार भीमफेदी गाउँपालिकाको भैँसे खोला किनारको काँसघारीमा डँढेलो लागेको थियो भने हेटौँडाको पिप्ले-पोखरा सामुदायिक वन क्षेत्रमा पनि डँढेलो लागेको थियो ।

जाडो मौसम सकिएसँगै बोटबिरुवामा पालुवा फेर्ने समयमा पातहरु जमिनमा झरेर सुकेका हुन्छन्, जमिन सुख्खा भएको हुन्छ, जसले गर्दा बसन्त ऋतुमा आगलागीका घटना बढ्ने गर्दछ । मकवानपुर जिल्लामा आगलागीको विपद् जोखिम न्यूनीकरण गर्न हेटौँडा उपमहानगर पालिकाका बारुणयन्त्रमा भर पर्नुपर्ने अवस्था छ । हेटौँडा उपमहानगरपालिकामा २ वटा वारुणयन्त्र (दमकल) पूर्णरुपमा सञ्चालनमा रहेको छ । उपमहानगपालिकामा ३ वटा वारुणयन्त्र रहेता पनि एउट बिग्रिएको छ ।

मकवानपुरको थाहा नगरपालिकाले पनि वारुणयन्त्र सञ्चालनमा ल्याएको छ । थाहा नगरपालिकाको वारुणयन्त्रले नगरभित्र मात्र कार्य गर्दै आएरहेको छ भने हेटौंडा उपमहानगरपालिकाले नगरबाहिर पनि कार्य गर्दै आइरहेको छ । वारुणयन्त्रका साथ आगलागीका विपद् जोखिम न्यूनीकरणमा पूर्णरुपमा तयारी अवस्थामा रहेको हेटौंडा उपमहानगरपालिका वातावरण शाखा प्रमुख चन्दा खड्काले जानकारी दिनुभयो ।

विपद् व्यवस्थापनका लागि आवश्यक उपकरणसहित वारुणयन्त्र तयारीमा रहेको बताउँदै खड्काले भन्नुभयो, 'सहायक सह-इन्चार्जको कमाण्डमा वारुणयन्त्र सञ्चालनमा रहेको छ, आपतको अवस्थामा सक्रियसाथ काम भइरहेको छ ।' हेटौँडा उपमहानगरमा ३ वटा वारुणयन्त्र रहेकोमा अहिले २ वटामात्रै सञ्चालनमा रहेको भन्दै खड्काले एउटा बिग्रिएर मर्मतको चरणमा रहेको जानकारी दिनुभयो । मर्मतका लागि बाहिरबाट सामग्री ल्याउनुपर्ने भएकाले मर्मतमा केही ढिलाई भएको उहाँको भनाइ छ ।

यसै वर्षबाट नयाँ वारुणयन्त्र ल्याएर सेवा दिइरहेको वातावरण शाखा प्रमुख खड्काले बताउनुभयो । 'फागुन लागेसँगै आगलागीका घटना बढ्ने गर्दछ, जसको न्यूनीकरणमा हामी लागि परिरहेको छौँ', खड्काले भन्नुभयो- 'गतवर्ष जंगलमा धेरै आगलागी भएकाले हामीले राष्ट्रिय विपद महाशाखाबाट विपद् न्यूनीकरणका सामग्री प्राप्त गरेका छौँ ।'

गत वर्ष (२०७९ सालमा) १ सय ५७ वटा आगलागीका घटना घटेका थिए । उक्त स्थानमा हेटौंडा उपमहानगपालिकाका वारुणयन्त्रले आगो नियन्त्रणमा लिएको थियो । गत वर्ष बैशाखमा १० स्थानमा, जेठमा ६ स्थानमा, असारमा ७ स्थानमा, भदौमा २ स्थानमा, असोजमा ७ स्थानमा, कात्तिकमा ९ स्थानमा, मंसिरमा ७ स्थानमा, पुसमा ९ स्थानमा, माघमा १७ स्थानमा, फागुनमा ४३ स्थानमा र चैतमा ३३ स्थानमा आगलागीका घटना भएका थिए । जसमा वारुणयन्त्रको टोलीले आगो नियन्त्रण गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको उहाँले बताउनुभयो ।

२०८० साल बैशाखदेखि हालसम्म नगरभित्रका ३० स्थानमा र नगरबाहिरका २७ स्थनमा गरी ५७ वटा आगलागीका घटना भएका छन् । बैशाखमा १७ स्थानमा, जेठमा ४ स्थानमा, असारमा ६ स्थानमा, साउनमा ४ स्थानमा, भदौमा एक स्थानमा, असोजमा ४ स्थानमा, कात्तिकमा ३ स्थानमा, मंसिरमा ४ स्थानमा, पुसमा ११ स्थानमा, माघमा ७ स्थानमा र फागुन महिनामा हालसम्म एक स्थानमा आगलागीका घटना भएका छन् । गत वर्षको तुलनामा यस वर्ष आगलागीका घटना केही घटेको भए पनि आगलागी धेरै हुने समय आउन बाँकी रहेको छ ।

हेटौँडा नगर क्षेत्रमा बाक्लो बस्तीसँगै जंगल धेरै भएकाले आगलागीका घटना बढी हुने गरेको छ । हेटौंडा उपमहानगर पालिकाले ११ जना जनशक्ति वारुणयन्त्र सञ्चालनमा खटाएको छ । जसमा ३ जना चालक रहेका छन् भने ८ जना रेस्क्यु टिममा रहेका छन् । वारुणयन्त्रका इन्चार्ज दिनेश महर्जनले आलागीका घटना न्यूनीकरण गर्न २४ सै घण्टा तयार अवस्थामा रहने गरेको जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, 'हामीसँग विपद् न्यूनीकरणका सम्पूर्ण इक्युपमेन्ट रहेको छ, जसले आगलागी भएका स्थानमा गई आगो नियन्त्रण गर्न सक्छौँ ।'

धेरै स्थानमा आगो नियन्त्रण गर्न सफल भए पनि एक-दुई स्थानमा आगो नियन्त्रणमा लिन समस्या हुने गरेको महर्जनले बताउनुभयो । 'आगलागीका घटना भएको थाहा पाउनासाथ हामी फिल्डमा खटिएका हुन्छौँ', वारुणयन्त्र इन्चार्ज महर्जनले भन्नुभयो- 'हामीलाई कुनै स्थानमा छिटो जानकारी नहुँदा आगो नियन्त्रण गर्न केही ढिला हुने गरेको छ ।' पछिल्लो समय आगलागीका विपद् न्यूनीकरणमा स्थानीयले सन्तुष्टि व्यक्त गरेको भन्दै केही स्थानमा स्थानीय आफैंले आगो निभाउन खोज्दा वारुणयन्त्रलाई सम्पर्क गर्न ढिला गर्नाले धेरै क्षति हुने गरेको उहाँले बताउनुभयो ।

## माघ महिनामा २५९ युनिट रगत संकलन

आरजु सत्याल

हेटौँडाः रक्त सञ्चार केन्द्र हेटौँडाले माघ महिनामा दुइ सय ५९ युनिट रगत संकलन गरेको छ । केन्द्रले एक महिनामा विभिन्न संघ, संस्थाले आयोजना गरेको रक्तदान कार्यक्रमबाट २ सय ३६ जना र केन्द्रमै आएर रक्तदान गर्ने २३ जना रक्तदाताको रगत संकलन गरेको हो ।

माघ महिना केन्द्रको प्राविधिक सहयोगमा १२ वटा संघ, संस्थाले रक्तदान कार्यक्रम आयोजना गरेको रक्तसञ्चार केन्द्र हेटौँडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो । माघ २ गते पतञ्जली योग समितिले आयोजना गरेको रक्तदान कार्यक्रममा १० जनाले रक्तदान गरेका थिए । माघ ५ गते सिद्धार्थ माध्यमिक विद्यालयले आयोजना गरेको कार्यक्रममा १३ जना, माघ ६ गते नेपाल रेड्क्रस सोसाईटि पिप्ले शाखाको आयोजनामा भएको कार्यक्रममा २१ जनाले रक्तदान गरेका थिए भने माघ ७ गते राक्सिराङ गाउँपालिकास्थित नेपाल रेड्क्रस सोसाईटि, सरिखेत शाखामा भएको कार्यक्रममा २१ जनाले रक्तदान गरेको सापकोटाले बताउनुभयो ।

माघ ९ गते हेटौँडा-८, सशस्त्र प्रहरी बलको आयोजनामा भएको कार्यक्रममा २३ जना, माघ १३ गते सहिद स्मारक विकास समितिले आयोजना गर ेको कार्यक्रममा ३३ जना र मकवानपुर घर जग्गा व्यवसायी संघले आयोजना गरेको कार्यक्रममा २१ जना र माघ १६ गते श्रीकृष्ण प्रणामी युवा परिषद् नेपालको आयोजनामा भएको कार्यक्रममा २२ जनाले रक्तदान गरेको थिए । यस्तै, माघ २५ गते आरएमसी नेपाल प्रालिले आयोजना गरेको कार्यक्रममा २२ जनाले, माघ २७ गते नेपाल मुस्लिम एत्तेहात संगठनले आयोजना गर्दा २६ जनाले र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आयोजना गर्दा १६ जनाले रक्तदान गरेका थिए । माघ २८ गते हेटौँडा उपमहानगरपालिकाले आयोजनामा गरेको कार्यक्रममा ३० जनाले रक्तदान गरेको सापकोटाले बताउनुभयो ।

केन्द्रले माघ महिनामा २० पोका सेतो रगत बनाई वितरण गरेको छ भने संयुक्तमा २ सय ६८ पोका रगत वितरण गरेको छ । सापकोटाका अनुसार रक्तसञ्चार केन्द्रले सिराहको लहानमा १ सय १० प्रिन्ट रगत पठाएको छ । आहिले केन्द्रमा सबै रगत पर्याप्त मात्रामा रहेको छ । आर्थिक वर्ष २०८०/०८१ को साउन महिनामा केन्द्रले ३ सय ६२ जना, भदौ महिनामा २ सय ३९ जना, असोज महिनामा ३ सय ४९ जना, कार्तिक महिनामा १ सय ५७ जना, मंसिर महिनामा २ सय ७४ जना र पुस महिनामा २ सय ३९ जनाको रगत संकलन गरेको छ ।

## क्रिकेटको उपाधि आधुनिक राष्ट्रिय माविलाई




*उपाधि साथ आधुनिक राष्ट्रिय माविको टिम ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला क्रिकेट संघले आयोजना गरेको स्वर्गीय निरज श्रेष्ठ स्मृति दोस्रो विद्यालयस्तरीय टी-२० क्रिकेट प्रतियोगिताको उपाधि हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयले जितेको छ । सोमबार सम्पन्न भएको फाइनल खेलमा साविक विजेता हेटौँडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयलाई ६७ रनले हराउँदै आधुनिकले उपाधि जितेको हो ।

टस जितेर पहिलो व्याटिङ गरेको आधुनिक माविले निर्धारित २० ओभरमा ९ विकेटको क्षतिमा १ सय ३७ रन बनाएको थियो । आधुनिक माविबाट रोहित यादवले सर्वाधिक ३९ रन बनाएका थिए । दिपेश कुशवाहले २६ रन, रवी यादवले २५ र आशिक अधिकारीले १२ रन बनाएका थिए । यता बलिङतर्फ भुटनदेवीबाट साजित अलि खानले सर्वाधिक ४ विकेट लिएका थिए । नरेन्द्र अधिकारी, ऋतिक यादव, नसिम शेख र ओम प्रकाश रामले समान १-१ विकेट लिएका थिए ।

आधुनिकले दिएको १ सय ३७ रनको लक्ष्य पछ्याएको भुटनदेवी माविले १४ ओभर ४ बलमा सबै विकेट गुमाएर ७० रन मात्रै जोड्न सफल भएको थियो । भुटनदेवीको तर्फबाट नसिम शेखले १७ रन बनाएका थिए । नरेन्द्र अधिकारी र सुमित यादवले समान ८-८ रन बनाएका थिए । आधुनिक माविबाट राहुल यादवले सर्वाधिक ४ विकेट लिएका थिए । रवी यादवले २ विकेट लिएका थिए । प्रिन्स यादव र रोहित ठाकुरले समान १-१ विकेट लिएका थिए ।

प्रतियोगिताको उपाधि विजेता आधुनिकले ४० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता भुटनदेवी माविले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । म्यान अफ द म्याच आधुनिक माध्यमिक विद्यालयबाट राहुल यादव घोषित भए ।

यस्तै प्रतियोगिताको म्यान अफ द सिरिज भुटनदेवी माविका नरेन्द्र अधिकारी घोषित हुँदै ५ हजार रुपैयाँ प्राप्त गरे । उत्कृष्ट बलर सिद्धार्थ शिशु सदनका नयन स्याङ्बो र उत्कृष्ट व्याट्सम्यान आधुनिकका प्रिन्स यादव घोषित भए । प्रतियोगिताका लागि प्रथम पुरस्कारको प्रायोजन मकवानपुर जिल्ला साइक्लिङ संघका कोषाध्यक्ष रुपक मानन्धरले र द्वितीय पुरस्कारको प्रायोजन महारत्न बज्राचार्यले गर्नुभएको थियो ।

मकवानपुर जिल्ला क्रिकेट संघका अध्यक्ष करण महत्रा क्षेत्रीको सभाध्यक्षमा तथा हेटौँडा उपमहानगरपालिका वडा नम्बर ४ का अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम भएको थियो । प्रतियोगिताको समापन कार्यक्रममा जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष वेश खड्की, मकवानपुर जिल्ला क्रिकेट संघका संस्थापक अध्यक्ष अरुणराज सुमार्गी, निवर्तमान अध्यक्ष वासुलाल श्रेष्ठको पनि उपस्थिति रहेको थियो ।

समुह चरणका खेलहरुमा दुबै टिमले अपराजित यात्रालाई कायम राखेर तालिकाको शिर्षस्थानमा रहँदै फाइनलको यात्रा पूरा गरेको हो । मकवानपुर जिल्ला क्रिकेट संघको सदस्य संजोक पोखरेलको संयोजकत्वमा प्रतियोगितामा १३ वटा विद्यालयको सहभागिता रहेको थियो ।

## मच्छिन्द्र फुटबल क्लब बागमती गोल्डकपको फाइनलमा



*मच्छिन्द्रका हिसुव थपलियालाई म्यान अफ द म्याचको ट्रफी प्रदान गरिँदै ।*

समाज संवाददाता

फापरबारी (बागमती): मकवानपुरको बागमती गाउँपालिकामा जारी छैठौं संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगितामा ए डिभिजन क्लब मच्छिन्द्र फुटबल क्लब फाइनलमा पुगेको छ । सोमबार बागमती-८ स्थित जनता माविको खेलमैदानमा भएको पहिलो सेमिफाइनल खेलमा न्यू रोड टिम (एनआरटी) लाई ५-१ गोलअन्तरले हराउँदै मच्छिन्द्र फाइनलमा प्रवेश गरेको हो ।

मच्छिन्द्रको जीतमा हिसुव थपलिया र विदेशी खेलाडी स्टेफेन समीरले दुई-दुई तथा विमल घर्ती मगरले एक गोल गरे । खेलको नवौं मिनेटमा थपलियाको गोलमार्फत सुरुवाती अग्रता बनाएको मच्छिन्द्रका लागि स्टेफेनले १३ औं मिनेटमा र ४६ औँ मिनेटमा गोल गरे भने खेलको दोस्रो हाफको १४ औं मिनेटमा थपलियाले व्यक्तिगत दोस्रो गोल गरे । यस्तै घर्तीले ९१ औं मिनेटमा गोल गरे ।

एनआरटीका लागि खेलको दोस्रो हाफको १५ औं मिनेटमा विदेशी खेलाडी सेवेले गोल गरे पनि टिमलाई हारबाट जोगाउन भने सकेन । म्यान अफ द म्याच मच्छिन्द्रका थपलिया घोषित भए । उनले १० हजार रुपैयाँ प्राप्त गरे । यसअघि भएको क्वार्टरफाइनल खेलमा सिमराको नव जनजागृति युवा क्लबलाई हराउँदै एनआरटी सेमिफाइनल प्रवेश गरेको थियो भने जावलाखेल युथ क्लबलाई हराउँदै मच्छिन्द्र सेमिफाइनल प्रवेश गरेको थियो ।

फाइनल प्रवेश गरेको मच्छिन्द्रले अब उपाधीका लागि विभागीय टोलीहरु त्रिभुवन आर्मी क्लब र सशस्त्र प्रहरी बलको एपीएफबीचको विजेतासँग बिहिबार प्रतिस्पर्धा गर्नेछ । प्रतियोगिताको विजेता टोलीले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ५ लाख रुपैयाँ प्राप्त गर्नेछ । यस्तै सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र अन्य विधागत उत्कृष्टले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

## सम्पादकीय

# शिक्षासँगै नवप्रवर्तन र उद्यमशीलता

शिक्षा मानव जीवनको एउटा महत्वपूर्ण पक्ष हो । शिक्षाले मानवमा विभिन्न प्रकारका ज्ञान, सीप, दक्षताको विकास गराउँछ । कुनै पनि देशको विकासको अवस्थालाई मापन गर्ने महत्वपूर्ण सूचक पनि शिक्षा हो । शिक्षित नागरिकलाई विकासको एउटा महत्वपूर्ण आधार मानिन्छ । त्यसैले त मानव विकास सूचकाङ्क मापन गर्ने तीन प्रमुख सूचकमा शिक्षा पनि पर्दछ । कुनै पनि देशको नागरिकको दक्षता र क्षमता कस्तो छ भन्ने कुरा त्यस देशको शिक्षा प्रणालीमा भर पर्दछ । पछिल्लो समय मुलुकमा उच्च शिक्षा हासिल गर्ने विद्यार्थीको रुचि कम हुँदै गएको छ । विद्यालय शिक्षा पूरा गरेका अधिकांश विद्यार्थी उच्च शिक्षाका लागि विदेश पलायन हुने क्रम बढिरहेको छ । अधिकांश विश्वविद्यालय र क्याम्पसहरुमा विद्यार्थी संख्या घट्दै गएको छ । प्राविधिक विषयहरु अध्ययन गर्न चाहने विद्यार्थीसमेत न्यून हुँदै जानुले मुलुकको शिक्षा प्रणालीबारे व्यापक बहस र चर्चा गर्नुपर्ने बेला भइसकेको छ ।

हाम्रो शिक्षा प्रणालीले शिक्षित बेरोजगारको संख्या बढाउने काममात्र गरेको छ । मुलुकमा शिक्षा आर्जन गरेका व्यक्तिहरुले स्वदेशमा उचित रोजगारीको अवसर पाउन सकेका छैनन् । विदेशमा जाँदा यहाँको शिक्षाको कुनै मान्यता रहँदैन । यसकारण पनि उच्च शिक्षाका लागि विदेशिने विद्यार्थीको संख्या बढेको हो । हाम्रो शिक्षा प्रणालीले शिक्षाको विश्वव्यापी परिवर्तनलाई आत्मसाथ गर्न सकेको छैन । आफ्नै भूमिमा श्रम गरेर खाने ज्ञान तथा सीप सिकाउनसमेत असफल भएको मुलुकका शिक्षा अन्तर्राष्ट्रिय बजारमा काम लाग्ने खालको छैन । शिक्षालाई नवप्रवर्तनसँग जोड्न नसकेकै कारण शिक्षित जनशक्तिलाई स्वरोजगारतर्फ अग्रसर गराउन सकिएको छैन । मुलुकमा पढेका अधिकांश जनशक्तिमा जागिरको मोह व्यापक देखिने गरेको छ । निजी क्षेत्रमा पर्याप्त रोजगारीको अवसर नभएपछि लोकसेवा वा शिक्षक सेवा आयोगको परीक्षाको तयारी गर्ने र सरकारी जागिर खाने उद्देश्य अधिकांश शिक्षित बेरोजगारको हुने गरेको छ । केही सिप नलागेपछि डिग्रीको प्रमाणपत्र बाकसमा राखेर कुनै विदेश पलायन हुनुपर्ने स्थिति छ ।

करिब ३ दशकदेखि हेटौंडामा स्तरीय शिक्षा प्रदान गर्दै आएको हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेजले शिक्षासँगै नवप्रवर्तन र उद्यमशीलता विकासका लागि प्रयत्न गर्दै आएको छ । शनिबार र आइतबार नवप्रवर्तन र उद्यमशीलतासम्बन्धी क्षमता विकासका लागि अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरिएको छ । कार्यक्रममा नवप्रवर्तन र उद्यमशीलताको विषयमा विज्ञ, सरोकारवाला र सरकारी निकायका अधिकारीको प्रस्तुति, बहस र अन्तरक्रिया भएको थियो । कार्यक्रममा भारतको लुधियानास्थित पीसीटीई ग्रुप अफ इन्स्टिच्युट्स र हेटौंडा स्कूल अफ म्यानेजमेन्टबीच सहकार्यको सम्झौता भएको छ । क्याम्पसका विद्यार्थी र प्राध्यापकसँगै आवश्यक सूचना तथा जानकारी आदानप्रदान गर्ने, दुबै संस्थाबीच संयुक्त अनुसन्धानसँगै शैक्षिक गतिविधि सञ्चालन गरिने सम्झौता भएको हो । कलेजले प्रत्येक दुई वर्षमा अन्तर्राष्ट्रिय सम्मेलन गर्ने भएको छ ।

मुलुकमा नवप्रवर्तन र उद्यमशीलता विकासका लागि सरकारी निकायबाट उल्लेख्य काम हुन सकेको छैन । नवप्रवर्तनबाट नयाँ कुराको विकासका साथै भएका कुरामा आवश्यक सुधार हुने गर्दछ । यसले समग्र उत्पादन र उत्पादकत्व वृद्धि गराउँछ । साथै, उद्यमशीलताले स्वरोजगार बनाउनुका साथै रोजगारीको अवसर वृद्धि गराउँछ । नवप्रवर्तन र उद्यमशीलताको विकासका लागि राज्यका सबै निकायले ध्यान दिनुपर्ने हो । अझ तीनै तहको सरकारले यसतर्फ विशेष पहल गर्नु आवश्यक छ । कमसेकम उच्च शिक्षा अध्ययनरत विद्यार्थीलाई शिक्षासँगै उनीहरुले अध्ययन गरेको विषय र स्कोपसँग मिल्दोजुल्दो नवप्रवर्तन र उद्यमशीलतासम्बन्धी पर्याप्त जानकारी दिनुपर्छ । यसका लागि सम्बद्ध विश्वविद्यालय र क्याम्पसहरुले विशेष ध्यान दिनु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आत्मबल र निर्णायक क्षमतामा वृद्धि हुने समय छ ।
**वृष** : ज्ञान र सीप बाँडेर जस लिने समय योग रहको छ ।
**मिथुन** : प्रतिद्वन्द्वीहरुसँग सजगता अपनाउँदा राम्रो रहला ।
**कर्कट** : इष्टमित्र र दाजुभाइसँगको सहयोग प्राप्त हुनेछ ।
**सिंह** : विभिन्न स्रोतबाट आय आम्दानी बढ्ने समय छ ।
**कन्या** : हाँके ताकेका काममा सफलता प्राप्त हुने समय छ ।
**तुला** : भावनाहरु साटासाट गर्दा मन हल्का हुने समय छ ।
**वृश्चिक** : धनसँग सम्बन्धित समस्याहरु समाधान होलान् ।
**धनु** : मित्रताको प्रस्ताव बढ्ने समय योग रहेको छ ।
**मकर** : आफन्त वा साथीभाइको नि:स्वार्थ सहयोग प्राप्त होला ।
**कुम्भ** : शरीरमा थकान र उत्साहमा कमी आउने समय छ ।
**मीन** : सरल व्यवहारले कामबाट लाभ प्राप्त होला ।

# चिया निकासीः चिन्ता र चासो



शंकरमान सिंह

आर्थिक वर्ष २०२३-२४ को पहिलो पाँच महिनामा नेपालको चिया निर्यातमा गिरावट आएको देखिएको छ । भन्सार विभागले हालै जारी गरेको तथ्यांकले नेपालले गत आर्थिक वर्षको सोही अवधिमा २ अर्ब २३ करोड रुपैयाँ मूल्यको १० हजार ६५ टनको तुलनामा २०२३-२४ को पाँच महिनामा १ अर्ब ८७ करोड मूल्यको ७ हजार १ सय ८१ टन चिया निकासी गरेको देखाएको छ। यस अवधिमा चिया निकासीमा आएको गिरावटको श्रेय किसानहरूले राम्रो मूल्य पाउने आशामा मौज्दात राखेका कारण रहेको व्यवसायीले बताए। विशेष गरी यस अवधिमा चियाको निर्यात घटेको छ ।

अन्तर्राष्ट्रिय बजारमा नेपाली चियाको उच्च माग भए पनि नेपाली उत्पादकले आफ्नो उत्पादन विदेश पठाउन चुनौतीको सामना गरिरहेका छन् । यो अवस्थाको फाइदा उठाएर भारतीय व्यापारीले नेपाली चिया किनेर अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्ने गरेको नेपाली किसानहरू बताउँछन्। भारतीय व्यापारीहरूले प्रतिकिलो चिया ५ सय ५० रुपैयाँमा उपलब्ध गराए पनि अन्तर्राष्ट्रिय क्रेतालाई प्रतिकिलो ३ हजार रुपैयाँमा उही चिया बेच्ने किसानको दाबी छ। नेपाली किसानहरूले सीटीसी (क्रस, टियर, कर्ल) र अर्थोडक्स प्रजातिको चिया खेती गर्छन्। ३० जिल्लामा २० हजार २ सय ३७ हेक्टरमा चिया खेती गरिन्छ।

नेपालमा चिया उत्पादनको लामो इतिहास छ। पहिलो चिया बगान ‘इलाम चिया बगान’ वि.सं. १८६३ मा इलाम जिल्लाको पहाडी क्षेत्रमा सुरु भएको थियो । इतिहासकारका अनुसार नेपालमा पहिलो चियाको बोट बीउबाट हुर्किएको हो, जुन चिनियाँ सम्राट्ले तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणालाई उपहार स्वरूप दिएका थिए। भारतको दार्जीलिङ पहाडमा जस्तै नेपालमा पनि चियाको खेती सुरु भएको मानिन्छ।

अर्थोडक्स चियाबाट नेपालमा पछिल्लो समय चियाको व्यावसायिक उत्पादन सुरु भएको छ। सरकारी निकाय नेपाल चिया तथा कफी विकास बोर्डसँग केही चिया बगान छन्। यसबाहेक निजी क्षेत्रको चिया बगान छ। नेपाली चिया बगानले उच्च गुणस्तरको अर्थोडक्स चिया उत्पादन गरी विभिन्न अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्छ। हालै नेपालको पूर्वी तराईका किसान र व्यवसायी सीटीसी चियाको निकासी घटेपछि चिन्तित छन्। गत वर्ष यस समयमा सीटीसी चियाको निकासी भइसक्नेमा यो वर्ष किसान र व्यवसायीका गोदाममा थन्किएको छ। भन्सार विभागका अनुसार गत वर्षको तुलनामा यस वर्ष चियाको निकासी घटेको देखिन्छ।

नेपालमा करिब १ सय ६० चिया बगान छन् र १७ हजारभन्दा बढी मानिस चिया खेतीमा संलग्न छन्। तर, पूर्वी नेपालको झापा, इलाम, पाँचथर, तेह्रथुम र धनकुटाजस्ता जिल्लामा मुख्य उत्पादन केन्द्रित छ। भोजपुर, खोटाङ, चितवन, सिन्धुली, पर्वत, काभ्रे, गोरखा, दोलखा, ललितपुर, रामेछाप, प्युठानलगायतका जिल्लामा पनि चिया उत्पादन हुने गरेको छ।

नेपालको वार्षिक चिया उत्पादन क्षमता करिब २६ हजार ३ सय टन छ। कुल उत्पादनमध्ये लगभग ६ हजार ५ सय टन अर्थोडक्स चिया हो, जबकि हरियो चिया लगभग ७ सय ३० टन हो र बाँकी सीटीसी चिया हो।

नेपाल चिया तथा कफी विकास बोर्डले नेपाली चियाको ब्रान्ड पहिचान बनाउने तयारी थालेको छ। बोर्डले ‘नेपाल टी प्रिमियम सीटीसी’ भन्ने नारासहित नेपाली सीटीसी चियाको लोगो तयार गरी बुझाउन डिजाइनरहरूलाई आमन्त्रण गरेको थियो। अर्थोडक्स चियापछि नेपालको चिया नियामक निकायले सीटीसी चियाका लागि गुणस्तर ट्रेडमार्क जारी गर्ने तयारी गरेको देखिन्छ। क्रस, टियर, कर्ल (सीटीसी) चियामा सामान्यतया कालो चियाका धेरै प्रकार समावेश हुन्छन्।

सीटीसी र अर्थोडक्स चियाबीचको भिन्नता तिनीहरूको प्रशोधन विधिमा निहित छ। अर्थोडक्स विधिमा परम्परागत विधि प्रयोग गरिन्छ। यसमा अक्सिडेसन र सुकाउनेसँगै पात तोड्ने, सुकाउने र घुमाउने काम समावेश छ। सीटीसी प्रक्रिया एकदम फरक छ। चियाका पात कुचल्छन्, च्यातिन्छन् र ससाना कडा हरिया छर्राहरूमा घुमाइन्छ। त्यसपछि तिनीहरू ब्लोअरहरूमा राखिन्छन्, जसले तिनीहरूको अक्सिडेसनलाई छिटो बनाउँछ ताकि छर्राहरू गाढा खैरो हुन्छन्।

नेपाली चिया अस्ट्रेलिया, फ्रान्स, क्यानडा, डेनमार्क, चीन, जर्मनी, जापान, इटाली, नेदरल्यान्ड, अमेरिका, पोल्यान्ड, स्वीडेन, थाइल्यान्ड, ताइवान, भारतलगायतका देशमा निकासी हुने गरेको छ। यसैबीच सरकारले नेपाली चियाको राष्ट्रिय बजारमा प्रतिस्पर्धा र पहुँच बढाउन ब्रान्डिङ अभ्यास सुरु गरेको छ।

नेपालले दुई प्रकारको चिया उत्पादन गर्छः क्यामेलिया एसामिका वा सीटीसी चिया, जुन कम उचाइमा र नेपालको तातो र आर्द्र तराईमा, मुख्यतया झापा जिल्लामा हुन्छ। यो चियाको उत्पादन लागत कम भएकाले आन्तरिक खपतको झन्डै ९५ प्रतिशत हिस्सा ओगटेको छ। क्यामेलिया सिनेन्सिस वा अर्थोडक्स चिया ९ सयदेखि २ हजार १ सय मिटरको उचाइमा उब्जाउ गरिन्छ। चार पूर्वी पहाडी जिल्ला इलाम, पाँचथर, धनकुटा र तेह्रथुम गुणस्तरीय अर्थोडक्स चिया उत्पादनका लागि परिचित छन्। अर्थोडक्स चिया उत्पादनले केवल उच्च गुणस्तरको चिया पात र कलियों प्रयोग गर्छ। यसको गुणस्तर उच्च छ र मूल्य ट्याग पनि छ। नेपाली सिटिसी चियाको प्रमुख बजार भारत हो।

नेपालले आफ्नो करिब ९० प्रतिशत अर्थोडक्स चिया र ५० प्रतिशत सीटीसी चिया भारत निर्यात गर्छ। नेपालको चिया गुणस्तरहीन र सस्तो मूल्यमा बिक्री हुने हुँदा भारतको चिया उत्पादनमा असर परेको भारतीय उत्पादकहरूले आरोप लगाएका छन्। भारतबाहेक विश्वभर नेपाली चियाको ठूलो माग भए पनि सेनिटरी र फाइटोस्यानेटरी (एसपीएस) जस्ता उपाय नेपाली निकासीमा बाधक बनेको व्यापारीहरू बताउँछन्।

भारतीय चिया बोर्डले बेलाबेलामा अनेक बहाना निकालेर नेपाली चिया निकासीमा अवरोध गर्ने गरेको छ। नेपालबाट भारतलगायत विश्वका २२ देशमा अर्थोडक्स र सीटीसी चिया निकासी हुन्छ। अर्थोडक्स भारत र तेस्रो मुलुक जान्छ भने सीटीसीको प्रमुख बजार भारत नै हो। नेपाल सरकारले भारत सरकारसँग सम्झौता गरी सीटीसी चिया निकासीमा अवरोध नहुने वातावरण बनाउनुपर्ने व्यवसायीहरू बताउँछन्। यसो नगर्दासम्म स्वदेशी चिया उत्पादक र

....बाँकी पृष्ठ ३ मा

# कस्तो खानपानले कलेजो शुद्धीकरण हुन्छ ?



डा. अवशेष भण्डारी



कलेजो मानव शरीरको सबैभन्दा ठूलो अङ्ग हो। पाचन प्रणालीमा कलेजोको खास भूमिका हुन्छ। शरीरलाई स्वास्थ्य बनाउन कलेजोले धेरै काम गर्नुपर्ने हुन्छ।

शरीरलाई निरोगी बनाइराख्न कलेजोले खास भूमिका खेलेको हुन्छ। यो अङ्गको सबैभन्दा महत्त्वपूर्ण काम भनेको शरीरको फोहोरलाई बाहिर निकाल्ने हो।

हामीलाई चोट पटक लाग्यो वा कट्यो भने रगत निस्कन्छ त्यो रगतलाई धेरै बग्न बाट रोक्ने काम पनि कलेजो नै गर्छ। हामीले खाएको खानालाई टुक्राउने शरीरलाई चाहिने पोषक तत्त्व राख्ने र नचाहिने विकार बाहिर निकाल्ने काम पनि कलेजोले गर्छ।

हामी जब कुनै चीज खान्छौं त्यतिखेर पाचन प्रणालीले यसलाई तुरुन्तै सानो सानो टुक्रा बनाइदिन्छ। यसपछि यो आहार रगतको सहाराले हेपाटिक पोर्टल सिस्टमको माध्यमबाट कलेजोसम्म पुग्छ।

कलेजोले भोजनमा पनि सबै पोषक तत्व जस्तै भिटामिन, मिनरल्स, एन्टिअक्सिडेन्ट्स आदीलाई अलग अलग गर्छ र शरीरको आवश्यकता अनुसार यसलाई अलग अलग अङ्गमा पुर्याउँछ। यसले केही पोषक तत्त्वहरूलाई भण्डारण गर्छ ताकी यसले ऊर्जाको तुरुन्त आवश्यकता हुने अवस्थामा प्रयोग गर्न सकियोस्।

शरीरलाई स्वास्थ्य राख्न महत्त्वपूर्ण कलेजोलाई स्वास्थ्य र बलियो राख्न हामीले पनि केही कुराहरूमा ध्यान दिनुपर्ने हुन्छ। कलेजोलाई बलियो र स्वस्थ बनाउन कस्तो खानपान उचित हुन्छ ? यस्ता कुन खाना छन् जसले कलेजोको शुद्धीकरण गर्छ ?

### कलेजोलाई खराब गर्ने खानेकुरा

कुनै पनि खानेकुराले कलेजोलाई खराब गर्ने भन्दा पनि कुनै पनि खानेकुरा शरीरलाई चाहिने भन्दा बढी मात्रामा खायो भने कलेजोलाई खराब गर्ने हो। रक्सी, चुरोट, कार्बोहाइड्रेट बढी भएको खानेकुरा जस्तै चामल, गहुँ र मैदाले बनेको खानेकुरा, चिल्लो बढी भएको खानेकुरा आदिले कलेजोलाई खराब गर्छ।

जंकफुड, तेलमा तारेको खानेकुरा आदिले पनि कलेजोलाई खराब गर्छ। कार्बोहाइड्रेट बढी भएको खानेकुराले हाम्रो कलेजोलाई खराब गर्छ भनेर कार्बोहाइड्रेट खान चटक्कै छोड्ने भने होइन। किनकि कार्बोहाइड्रेट पनि सीमित मात्रामा हाम्रो शरीरलाई आवश्यक पर्छ।

कोक, फ्यान्टा जस्ता पेय पदार्थमा कृत्रिम चिनी र रङ्ग प्रयोग गरिएको हुन्छ। यसले गर्दा कलेजोमा बोसो जम्छ। रङ्गको रसायनले कलेजोलाई नोक्सान पुर्‍याउँछ। त्यसैले यस्ता गुलिया पेय पदार्थ पनि कलेजोको लागि हानिकारक हो।

अहिले धेरै व्यक्तिहरूमा कलेजोमा बोसो जम्ने ‘फ्याटी लिभर’को समस्या देखिएको छ। बोसोजन्य खानेकुराको कारणले कलेजोलाई खराब गर्छ कलेजोमा बोसो जम्छ भन्ने बुझाइ धेरैको हुन सक्छ। तर, त्यो कुरा शतप्रतिशत सही होइन। कार्बोहाइड्रेट बढी भएको खानेकुराको धेरै सेवनले कलेजोमा बोसो जम्ने समस्या देखिने हो। कार्बोहाइड्रेट बोसोमा परिणत हुन्छ र यस्तो समस्या देखा पर्छ।

### कलेजोलाई शुद्धीकरण गर्ने खानेकुरा

उसिनेको अण्डाको सेतो भाग, हरियो सागसब्जी, सलाद, फलफूल जस्ता प्रोटिन भएको र रेसादार खानेकुराले कलेजोलाई शुद्धीकरण गर्छ। तर, अहिले तरकारी फलफूलहरूमा पनि धेरै विषादीहरू प्रयोग भएर आएको हुन्छ। यस्ता विषादीहरूले कलेजोमा सिधै असर गर्छ। त्यसैले त्यो खानेकुराहरूबाट विषादीको असर कम गर्नको लागि काँचो खाने हो भो राम्ररी पखालेर र पकाएर खाने भए राम्रोसँग पकाएर खानुपर्छ।

### कलेजोलाई स्वास्थ्य राख्नको लागि ध्यान दिनुपर्ने कुराहरू

- कलेजोलाई स्वास्थ्य राख्नको लागि सबैभन्दा ध्यान दिनुपर्ने खानेकुरा नै हो। त्यसैले कार्बोहाइड्रेट बढी भएको र बढी चिल्लो प्रयोग भएको खानेकुरा खानु हुँदैन।
- कलेजोमा बोसो जम्न नदिनको लागि तौल नियन्त्रण गर्नु पर्छ। तौल नियन्त्रण गर्नको लागि खानापनमा नै ध्यान दिनुपर्यो। जंकफुड, बढी चिल्लो खानेकुरा, बोसो बढी भएको रातो मासु, कार्बोहाइड्रेट बढी भएको खानेकुरा कम खानुपर्यो।
- कलेजोलाई स्वास्थ्य राख्नको लागि राम्रो निद्रा पनि आवश्यक हुन्छ। निद्राको कमीले कलेजोमा बढी दबाब पर्छ, त्यसैले शरीरलाई आराम दिनको लागि समयमा सुत्ने र समयमा उठ्ने बानी गर्नुपर्छ।
- कलेजोलाई स्वास्थ्य राख्नको लागि शारीरिक गतिविधि र व्यायाम पनि जरुरी हुन्छ। शारीरिक रूपमा सक्रिय भएन भने कलेजोमा बोसो जम्ने समस्या देखिन सक्छ। *(भण्डारी जनरल फिजिसियन, पेट तथा कलेजोरोग विशेषज्ञ हुन्। स्रोतः अनलाईनखबर)*

# हेटौँडा-१५ मा शैक्षिक महोत्सव सुरु



शैक्षिक महोत्सव आयोजनाको अवसरमा निकालिएको र्‍याली ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१५ मा वडा बृहत शैक्षिक महोत्सव सुरु भएको छ । हेटौँडा-१५, फायरलाइनस्थित वनदेवी आधारभुत विद्यालय परिसरमा सोमबार नगरप्रमुख मिना कुमारी लामाले महोत्सवको उद्घाटन गर्नु भएको छ । महोत्सवमा ८ वटा सरकारी र २ वटा निजी गरी वडाका १० वटा विद्यालयको सहभागिता रहेको छ ।

महोत्सवको उद्घाटनअघि वनदेवी आधारभूत विद्यालय परिसरबाटै सुरु भएको र्‍यालीले वडाका विभिन्न स्थानको परिक्रमा गरी महोत्सवस्थल वनदेवी आधारभूत विद्यालयमै पुगेर सभामा परिणत भएको थियो । र्‍यालीमा टोल विकास संस्था, आमा समूह, स्थानीय युवा, ज्येष्ठ नागरिक, बालबालिकाको समेत सहभागिता रहेको थियो । वडाअध्यक्ष सुनिल मोक्तानको अध्यक्षतामा उद्घाटन कार्यक्रम भएको हो । महोत्सवमा विद्यार्थीले बनाएका शैक्षिक सामग्रीहरुको स्टल राखिएको छ । सोमबारबाट सुरु भएको महोत्सव बुधबारसम्म चल्नेछ । महोत्सवको अवसरमा विद्यार्थी बीच विविध खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।

# ७० किलो गाँजासहित ३ जना पक्राउ

समाज संवाददाता

हेटौँडाः मकवानपुरको राक्सिराङ गाउँपालिका-५, बोटबारीबाट प्रहरीले ७० किलो लागुऔषध गाँजासहित ३ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा राक्सिराङ गाउँपालिका-१ सानोभावरका ५० वर्षीय पूर्ण बहादुर मोक्तान, २४ वर्षीय बाबुलाल स्याङ्तान र राक्सिराङ गाउँपालिका-२ भाटी घर भई हाल हेटौँडा-११, थानाभर्‍याङ बस्ने २४ वर्षीय आमोस पुलामी मगर रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । प्रहरी सहायक निरीक्षक नेतृत्वको गस्ती टोलीले गस्ती गर्दै जाने क्रममा राक्सिराङको भित्री सडकखण्डमा परेवा भिरबाट पलासेतर्फ जाँदै गरेको प्रदेश ३-००१ ह ०१९६ नम्बरको अटोलाई शंका लागी रोक्न खोज्दा अटो नरोकी भगाउने क्रममा पल्टिदा प्रहरीले २ (दुई) वटा बोरामा ७० किलो ६ सय ग्राम लागुऔषध गाँजा फेला पारेको थियो। लागुऔषध गाँजासहित तीनै जनालाई नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय मनहरी लगिएको र अटो चालक फरार रहेकोले खोजी कार्य भई रहेको प्रहरीले जनाएको छ ।

# चलचित्र ऐन निर्माण गर्दैछौं: मुख्यमन्त्री जम्कट्टेल

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेश सरकारले चलचित्र ऐन निर्माण गर्ने चरणमा रहेको बताउनुभएको छ । सोमबार हेटौँडामा आयोजित चलचित्र पत्रकार संघ नेपालको प्रथम राष्ट्रिय भेला तथा चलचित्र पत्रकारिता कार्यशालाको समापन गर्दै मुख्यमन्त्री जम्कट्टेलले चलचित्र ऐन बनाउन प्रदेश सरकारले ड्राफ्ट निर्माणको चरणमा रहेको बताउनुभएको हो ।

प्रदेश सरकारले चलचित्र क्षेत्रको विकासमा काम गर्ने रणनीति निर्माण गरिरहेको बताउँदै उहाँले भन्नुभयो, "प्रदेश सरकारले सम्बन्धित निकायलाई चलचित्र ऐन निर्माणको सहमति दिएको छ। आउँदो हिउँदे अधिवेशनमा चलचित्र विधेयकमा छलफल गर्छौं। हामीसँग ऐन नहुँदा काम गर्न असहज भएको थियो। जसले चलचित्रको क्षेत्रमा काम गर्न समस्या भएको छ ।" उहाँले चलचित्रले समाजको विद्यमान अवस्था झल्काउने बताउनुभएको छ । प्रदेश सरकारले कला संस्कृतिको क्षेत्रमा काम गर्न र सरकारले गरेको लगानी खेर जान नदिन नीति निर्माणमा अग्रसरता देखाएको बताउनुभयो । गरिखाने वर्गको पक्षमा चलचित्रले भूमिका खेलेको बताउँदै प्रदेश सरकारले चलचित्र क्षेत्रलाई महत्व दिएर काम गरिरहेको उहाँको दाबी छ ।

प्रदेश सरकारले विकास निर्माण तथा समृद्धिका लागि ५ वर्षे नीति निर्माण गरेर अघि बढेको उहाँको भनाई छ । प्रदेश सरकारले विशेष क्षेत्रमा रुपान्तरणकारी काम गर्नेगरी अघि बढेको बताउँदै राजनीतिक नियुक्ति लिएका व्यक्तिलाई प्रशासनिक र आर्थिक अधिकार दिने गरी सञ्चार रजिष्ट्रारलाई जिम्मेवारी दिइएको बताउनुभयो । मुख्यमन्त्री जम्कट्टेलले विगतमा चलचित्र विकास बोर्डको तत्कालिन अध्यक्षसँग दोलखाको डाङ्डुङेडाँडालाई फिल्म सिटी बनाउन पहलसहित बजेट विनियोजन गरेको तर, विविध कारणले हुन नसक्दा बजेटनै फ्रिज भएको बताउनुभयो। उहाँका अनुसार दोलखाको डाङ्डुङेडाँडा, मकवानपुरको थाहा नगर पालिका, इन्द्रसरोवर र धादिङको रुविभ्याली गाउँपालिकालाई फिल्म सिटी बनाउन प्रयास भइरहेको जानकारी गराउनुभयो ।

पछिल्लो समय नेतृत्वमा रहेका व्यक्तिहरु नै निराशा व्यक्त गरिरहेकाले युवाहरुमा निराशा पैदा भएको बताउनुभयो । प्रदेश सरकारले विश्वविद्यालय स्थापनाको विधान पारित गरेर नागरिकहरुको चिकित्साशास्त्र अध्यापन गराउने काम अघि बढाउने तयारी रहेको उहाँको भनाइ छ। प्रदेश सरकारले पत्रकारहरुको सामाजिक सुरक्षा कोषमा सहभागी गराउने प्रक्रिया अघि बढाइएको उहाँले बताउनुभयो ।

कार्यक्रममा बागमती प्रदेश सञ्चार रजिष्ट्रार रेवती सापकोटा चलचित्र क्षेत्रको व्यवस्थापनका लागि कानुन निर्माण कार्य अघि बढाएको बताउनुभयो। उहाँले लघु चलचित्र निर्माणका लागि कार्यविधि बनाएर कार्यान्वयनको चरणमा रहेको जानकारी गराउनुभयो। चलचित्र लेखनका लागि प्रदेश सरकारले पटकथा लेखन तालिम संचालन गरी सहयोग गर्ने काम अघि बढाएको उहाँको भनाई छ । सापकोटाका अनुसार विधागत पत्रकारितालाई प्रोत्साहन गर्न हातेपुस्तकसहित एप्रिसेशन कार्यशाला एक महिना भित्रमा नै सञ्चालन गर्ने सरकारको तयारी रहेको बताउनुभयो ।


## मकवानपुर बाल विद्या सदन

### हेटौँडा-१८, खड्कुले

## भर्ना खुल्यो ।

प्ले ग्रुपमा मात्र ५ सिट बाँकी ।
प्ले ग्रुपमा भर्ना गर्नेले नर्सरीमा भर्ना गर्नु नपर्ने ।

प्ले ग्रुपमा भर्ना शुल्क मात्र रु. १०००/-
मासिक शुल्क मात्र रु. ५००/-

प्ले ग्रुपमा स्टेशनरीको कुनै शुल्क नलाग्ने ।

### मासिक शुल्कमा छुट सम्बन्धी सूचना

यस शैक्षिकसत्र २०८० सालको चैत्र महिनासम्मको विद्यालयमा बुझाउनुपर्ने सम्पूर्ण शुल्क एकमुष्ठरुपमा यहि फागुन महिनाको २० गतेसम्म बुझाएमा मासिक शुल्कमा ५% छुट दिईने व्यहोरा सबै अभिभावकहरुमा सूचित गरिन्छ ।

**विद्यालय प्रशासन**


## चिया निकासी...

व्यवसायी ढुक्क हुन नसक्ने उनीहरूको भनाइ छ। चिया उत्पादन बढी भएको र भारतले ल्याब परीक्षणलगायतमा थोपर्ने सर्तले अहिले नेपाली सीटीसी चिया भारतीय बजारमा सहजै निकासी हुन नसकेको नेपाल चिया उत्पादकको भनाइ सार्वजनिक भएको छ । नेपाली चिया परीक्षण गराउन कोलकाता लैजानुपर्छ । निकासीमा धेरै किसिमका झन्झट छन् । सरकारले भारत सरकारसँग चियाका सबै अवरोध हटाउने गरी सम्झौता गरे मात्र यो समस्याको दीर्घकालीन समाधान निस्कने देखिन्छ ।

चिया उत्पादनका लागि चिनिएको इलामजस्ता जिल्लामा जाडोको आगमनसँगै चिया संकलन ठप्प हुँदा हरियो चिया उत्पादन ठप्प भएको छ। डिसेम्बर (पुस) को मध्यदेखि चिया उत्पादन ठप्प भएको छ, किसानहरूले चियाको बोट छाँट्न थालेका छन् । हिउँदमा चिया उत्पादन केन्द्र पुसदेखि पूर्ण रूपमा बन्द भएको छ । उत्पादन बन्द भएपछि उद्योगले पहिले तयार भएको चियालाई ग्रेडिङ गरी चिया निर्यातलाई प्राथमिकता दिन थालेका छन् ।

प्रशोधित चियालाई विभिन्न वर्गमा वर्गीकरण गरी बिक्रीका लागि तयार पारिन्छ। उत्पादन बन्द भएपछि किसानहरु अहिले बिरुवाबाट चियापत्ती काट्न व्यस्त छन् । अहिले कटनी भएको चियाबाट वैशाख मसान्तबाट पुनः उत्पादन सुरु हुन्छ। यस समयमा चियाका बिरुवा छाँट्नुपर्छ ।

उर्वर गर्दा पनि त्यस्तै हुन्छ । कतिपय किसानले चियाको आधार वरिपरि खनेर अप्रिल (चैत) को मध्यमा मल हाल्छन् । वर्षामा उम्रने झार पनि यस समयमा फालिन्छ। आफूसँग भएको ज्ञानले परम्परागत प्रविधि प्रयोग गरी चिया खेती गर्दै आएका कृषकले प्राविधिक तालिमपछि पछिल्लो समय आधुनिक तरिकाले चिया काट्न थालेका छन् । राष्ट्रिय चिया तथा कफी विकास बोर्डले गत वर्षदेखि कृषकलाई तालिम दिन थाले पनि आधुनिक विधिबाट चिया काट्न थालेपछि पर्याप्त तालिम नपाएको सम्बन्धित कृषकको भनाइ छ । चिया नेपाल र भारतमा दैनिक रूपमा प्रयोगमा आउने वस्तु हुन् । तर, यो नरम पात एउटा मुद्दाको रूपमा देखा परेको छ, जसलाई दुई देशबीच कूटनीतिक समाधान आवश्यक एवम् अनिवार्य भएको छ– दुवै मुलुक विश्वमा सबैभन्दा बढी खपत हुने वस्तुहरु उत्पादन गर्नका लागि परिचित छन्।

नेपाली चिया उत्पादकहरुले निर्यातमा प्रतिबन्ध लगाउने कुनै पनि कदमले उद्योगलाई नराम्ररी असर गर्ने देखिन्छ । नेपालले आफ्नो करिब ९० प्रतिशत अर्थोडक्स चिया र ५० प्रतिशत क्रस, टियर एण्ड कर्ल (सीटीसी) चिया दक्षिणी छिमेकी मुलुकमा पठाउने गरेको छ ।

इतिहासको सरसरी समीक्षा गर्दा वर्षौंअघि दार्जीलिङ चिया संघले तत्कालीन भारतीय राष्ट्रपति प्रणव मुखर्जीलाई दार्जीलिङ भ्रमण गर्दा ज्ञापनपत्र बुझाएर नेपाली चिया आयात रोक्न आग्रह गरेको थियो । नेपाली चियाको आयात रोक्न दार्जीलिङबाट पटक-पटक प्रयास भइसकेको छ । नेपालको चिया गुणस्तरहीन भएको र मूल्य पनि कम भएकाले भारतको चिया उत्पादनमा असर परेको भारतीय उत्पादकहरुले आरोप लगाएका छन्। नेपालमा उत्पादन हुने सस्तो चिया भारतमा निकासी गर्न नपाउने भएकाले भारतका चिया उत्पादकहरुलाई चुनौती दिने विगतमा पनि उल्लेख हुने गरेको थियो ।

नेपाल भारतबीच सम्पन्न द्विपक्षीय व्यापार सन्धिअनुसार नेपालबाट भारत निर्यात हुने कृषिवस्तुमा कर नलिने उल्लेख छ । यतिमात्रै होइन, नेपालबाट आयात गरिने कृषि उत्पादनमा भारतले परिमाणात्मक बन्देज नलगाउने बुँदा पनि प्रस्ट रुपमा उल्लेख छ। विगतमा नेपालको १३ प्रतिशत व्यापार घाटा पूर्ति गर्ने र वैदेशिक मुद्रा आर्जन गर्ने प्रमुख कृषि उत्पादन चिया नै भएको जनाउँदै सम्बन्धित व्यवसायीले भारतीय पक्षसँग कूटनीतिक पहलमार्फत सहजीकरण गर्न सरकारसँग माग गरेको छ ।

नेपालको चियालाई खराब गुणस्तर भन्ने भारतीय चिया व्यवसायीले नेपाली हरियो चियापत्ती निकासीमार्फत प्रशोधन गरी दार्जीलिङकै नामबाट बिक्री गर्दै आएको कुरासमेत सार्वजनिक भएका छन् । भारतले प्रतिबन्ध लगाउने हो भने त्यो अन्तर्राष्ट्रिय व्यापार कानुनको उल्लंघन हुने कुरा पूर्व वाणिज्यसम्बन्धी अधिकारी तथा व्यापार विज्ञको मत छ। दार्जीलिङको चियाभन्दा इलामको अर्थोडक्स चिया स्वादिलो हुने नेपाली व्यापारीहरूको दाबी छ । दार्जीलिङ र इलामको प्राकृतिक विशेषता र मौसम लगभग उस्तै छ । त्यसैले इलामको चिया दार्जीलिङको चियाजत्तिकै राम्रो रहेको व्यवसायीले बताए। नेपाली चियाको गुणस्तरलाई लिएर भारतीय पक्षले बारम्बार गरेको झन्झटले किसानलाई चिया उत्पादन गर्न निरुत्साहित गरेको नेपाली चिया उत्पादक बताउँछन्। घरेलु उद्योगलाई जोगाउन कुनै पनि उत्पादनको आयातमा रोक लगाउनु अन्तर्राष्ट्रिय व्यापार प्रथाविपरीत हो ।

चीनमा नेपाली चियाको बजार सम्भावना प्रचुर भए पनि निकासीमा सहजीकरणका लागि सरकारले पहल गर्नुपर्नेछ । चीनमा चिया निर्यात गर्न सहज नहुने देखिन्छ । विडम्बनाकै कुरा हो, अहिलेसम्म नेपाल सरकारले मुलुकमा एउटा अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रयोगशाला स्थापना गर्न सकेको छैन । नेपालमा प्रयोगशाला नहुँदा यहाँका चिया उद्योगी तथा व्यवसायी भारतको भर पर्नुपरेको कटु वास्तविकता छ। भारतले नेपालको चियालाई 'सेन्ट्रल फुड ल्याब' (सीएफएल), कोलकातामा परीक्षण गराएर मात्रै निकासीको अनुमति दिँदै आएको छ ।

नेपाली चियाको ब्रान्डिङ र बजारीकरणमा नेपाल लाग्नुपर्छ। नेपाली अर्थोडक्स चिया अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सर्वोत्कृष्ट घोषित भइसकेकाले अब भार तबाहेक अन्य देशमा बजार विस्तार गर्न लाग्नुपर्ने वास्तविक चुनौती रहेको छ । केही व्यवसायीको मतअनुसार नेपाली चियालाई 'दार्जीलिङ चिया' भन्दै ब्रान्डिङ गरी विश्व बजारमा पुर्‍याउने काम भार तले गरिरहेका बेला नेपाली चिया कसरी गुणस्तरहीन बन्न पुग्यो ? भन्ने अभिमतसमेत राख्नेको संख्या उल्लेख्य छ ।

*(स्रोतः कारोबारदैनिक)*


## हेटौँडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

## हेटौँडा रिफरेन्स ल्यावरोटरी

हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## मुक्तक मञ्च मकवानपुरद्वारा तीन स्रष्टा सम्मानित

# तिमल्सिनाको अध्यक्षतामा नयाँ समिति सर्वसम्मत



मुक्तक मञ्चद्वारा सम्मानित व्यक्तित्वहरु ।

समाज संवाददाता

हेटौँडाः मुक्तक मञ्च मकवानपुरले तीनजना स्रष्टालाई सम्मान गरेको छ । सोमबार हेटौँडामा भएको मञ्चको दोस्रो वार्षिक साधारणसभा तथा प्रथम अधिवेशनको अवसरमा इन्दिरादेवी मुक्त सम्मानबाट विर्खे अञ्जानलाई ५ हजार ५ सय ५५ रुपैयाँ राशिसहित सम्मान गरिएको थियो । तारा स्मृति मुक्तक सम्मानबाट हरिकृष्ण काफ्लेलाई र बहादुर रानन्द स्मृति मुक्तक सम्मानबाट दीपक समिपलाई ७ हजार ७ सय ७७ रुपैयाँको राशिसहित सम्मान गरिएको थियो ।

अधिवेशनले मुक्तक मञ्च मकवानपुरको अध्यक्षमा सागर तिमल्सिना चयन हुनुभएको छ । अधिवेशनले तिमल्सिनाको अध्यक्षतामा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको हो । मञ्चको उपाध्यक्षमा मेनु तिमल्सिना, सचिवमा सुवास सजल, सह-सचिवमा स्वस्तिका बानियाँ र अजर फुयाँल तथा कोषाध्यक्षमा मिथिला अधिकारी चयन हुनुभएको छ । यस्तै, सदस्यहरुमा कमल नेपाल, अनु रोक्का, प्रविना प्रयासी, देव निर्दोष र बैकुण्ठ लामिछाने चयन हुनुभएको छ ।

मुक्तक मञ्च मकवानपुरका निवर्तमान अध्यक्ष डीबी बर्तौलाको सभाध्यक्ष तथा देवराज खरेलको प्रमुख आतिथ्यमा साधारणसभाको उद्घाटन भएको थियो । उद्घाटन कार्यक्रममा मुक्तक मञ्चका केन्द्रीय सदस्य रामजी प्रसाद, सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिल, हरिकृष्ण काफ्ले, दीपक समिपलगायतको आतिथ्य रहेको थियो ।

# बसको ठक्करबाट लामाको मृत्यु

समाज संवाददाता

हेटौँडाः धादिङ जिल्लाको धुनिबेशी नगरपालिका-९, याकघरमा बसले स्कुटरलाई ठक्कर दिँदा एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा स्कुटर चालक गोर्खा जिल्लाको पालुङटार नगरपालिका-१, खोप्लाङका ३६ वर्षीय राजु लामा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

आइतबार त्रिभुवन राजपथमा नुवाकोटबाट काठमाडौंतर्फ जाँदै गरेको बा २ ख ७३६७ नम्बरको बसले सोही दिशातर्फ जाँदै गरेको बा प्र ०२-०३१ प २९१५ नम्बरको स्कुटरलाई ठक्कर दिँदा लामा घाइते भएका थिए । घाइते लामालाई उपचारका लागि काठमाडौंस्थित टिचिङ अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# पाँचौ संस्करणको राष्ट्रिय फुटसलमा हेटौँडा उपविजेता





उपविजेता बनेको हेटौँडाको फुटसल टिम ।

समाज संवाददाता

हेटौँडाः सामाजिक सञ्जालमा चर्चित मेन्स रुम रिलोडेड समूहले आयोजना गरेको पाँचौ संस्करणको राष्ट्रिय फुटसल प्रतियोगितामा हेटौँडा उपविजेता भएको छ । सोमबार झापाको बिर्तामोडमा सम्पन्न भएको फाइनल खेलमा ललितपुर सँग ११-५ गोलअन्तरले पराजित हुँदै हेटौँडा उपविजेता भएको हो ।

खेलको माध्यबाट देशभरका दाजुभाइलाई सङ्गठित गर्ने, भातृत्व प्रेम, र एकता गर्ने उद्देश्यले सामाजिक सञ्जालमा स्थापित समूहले हरेक वर्ष अरु क्रियाकलापसँगै फुटसल प्रतियोगिताको आयोजना गर्दै आएको हेटौँडा फुटसल टिम क्याप्टेन निरज सिंह ठकुरीले जानकारी दिनुभएको छ । प्रतियोगितामा १६ वटा टिमको सहभागिता रहेको थियो । प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । नेपाली चलचित्र अगस्तेका हिरो नासिर हुसेनको प्रमुख आतिथ्यमा पुरस्कार वितरण भएको हो । छैठौं संस्करणको प्रतियोगिता अर्को वर्ष भक्तपुरमा हुनेछ ।

# ७४ जनाको आँखामा मोतिविन्दु पहिचान



सोमबार फेमकोल एकेडेमीमा भएको शिविरमा आँखा परीक्षण गरिँदै

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१३ र बारा जिल्लाको महागढीमाई नगरपालिका-९ मा सोमबार भएको आँखा शिविरमा ७४ जनाको आँखामा मोतिविन्दु पहिचान भएको छ । हेटौंडा उपमहानगरपालिका-१३ स्थित फेमकोल एकेडेमीमा भएको शिविरमा ५१ जना र महागढीमाईमा भएको शिविरमा २३ जनाको आँखामा मोतिविन्दु पहिचान भएको हेटौँडा सामुदायिक आँखा अस्पतालले जनाएको छ ।

फेमकोल एकेडेमीमा भएको शिविरमा आँखा जाँच गरिएका ७ सय २७ जनामध्ये ५१ जनाको आँखामा मोतिविन्दु देखिएको हो । शिविरमा प्राविधिक सहयोग हेटौँडा सामुदायिक आँखा अस्पतालको रहेको थियो भने अन्य सहयोग रोटरी क्लब अफ काठमाडौं मिड टाउन र रोटरी क्लब अफ मकवानपुरको सहयोग रहेको थियो । फेमकोल एकेडेमीमा भएको शिविरमा हेटौँडा उपमहानगरपालिका-१२, १३ र मनहरी गाउँपालिका-१ का स्थानीय बासिन्दाले आँखा जाँच गराएका छन् ।

शिविरको उद्घाटन कार्यक्रममा वडा अध्यक्ष पेम्बा लामा, रोटरी क्लबका पदाधिकारीको पनि उपस्थिति रहेको थियो । शिविरमा फेमकोल एकेडेमीका शिक्षक, विद्यार्थीले सहयोगीको भूमिका निर्वाह गरेका थिए । यस्तै बारा जिल्लाको महागढीमाई नगरपालिका-९, कञ्चनपुरमा भएको शिविरमा एक सय ७१ जनाको आँखा परीक्षण गर्दा २३ जनामा मोतिविन्दु पहिचान भएको हो । महागढीमाईमा साथी युवा क्लब र वडा कार्यालय स्थानीय आयोजकको रुपमा रहेको थियो ।

यसअघि शनिबार मकवानपुरको मनहरी गाउँपालिकामा भएको शिविरमा ११ जनामा मोतिविन्दु पहिचान भएको थियो । मंगलबार बारा जिल्लाको मधुवनमा शिविर हुने हेटौँडा सामुदायिक आँखा अस्पतालका वरिष्ठ अधिकृत सुधीर श्रेष्ठले जानकारी दिनुभएको छ । शिविरमा मोतिविन्दु पहिचान भएका विरामीलाई हेटौँडास्थित हेटौँडा सामुदायिक आँखा अस्पताल ल्याएर मोतिविन्दुको शल्यक्रिया गरिनेछ । बुधबार र बिहिबार दुइदिन शल्यक्रिया गरिने श्रेष्ठले जानकारी दिनुभयो ।

# ३२ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिका-८, कमानेस्थित मनकामना मन्दिरको प्राङ्गणमा रक्तदान हुँदा ३२ जनाले रक्तदान गरेका छन् । सोमबार विहान मनकामना टोल 'क' र 'ख'को आयोजनामा कार्यक्रम भएको हो ।

रक्तदान गर्नेमा १२ जना महिला र २० जना पुरुष रहेका रक्तसञ्चार केन्द्र हेटौँडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो । प्रजातन्त्र दिवस र अर्जुनप्रसाद मैनालीको स्मृति अवसरमा कार्यक्रम आयोजना भएको हो । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौँडाको प्राविधिक सहयोग रहेको थियो । यस्तै, हिजो आइतबार हेटौँडाको बुद्धचोकमा रक्तदान कार्यक्रम हुँदा २३ जनाले रक्तदान गरेका थिए । रोटरी क्लब अफ हेटौँडाको आयोजनामा कार्यक्रम भएको थियो ।

# कुटपिट गर्ने ३ जना पक्राउ

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४, हुप्रचौरमा पुरानो रिसईवीको कारण कुटपिट गर्ने ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । आइतबार दिउँसो २ बजेको समयमा बारा जिल्ला औरहिया गाउँपालिका-५ घर भई हाल हेटौँडा-२, बनस्खण्डीमा डेरा गरी बस्ने १९ वर्षीय मिथलेश शर्मालाई कुटपिट भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

शर्मालाई पुरानो रिसईवीको कारण रौतहट जिल्लाको दुर्गा भगवती गाउँपालिका-४ घर भई हाल हेटौँडा-५ बिएसचोकमा डेरा गरी बस्ने १९ वर्षीय अंकित कुमार मिश्र, १८ वर्षीय निरन्जन चौरसिया र १८ वर्षीय नवीन गुप्ताले शर्मालाई कुटपिट गरी घाईते बनाएका थिए । घाइते शर्माको हेटौँडा अस्पतालमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# रेडियो थाहा सञ्चारको १६ औं वार्षिकोत्सव सम्पन्न

समाज संवाददाता

हेटौंडाः रेडियो थाहा सञ्चारको १६ औं वार्षिकोत्सव समारोह सम्पन्न भएको छ । सोमबार रेडियो सञ्चालक संस्था बिन्दबासिनी मिडिया प्रालिकी अध्यक्ष अस्मिता सुमार्गीको अध्यक्षता तथा राष्ट्रियसभाका पूर्वसदस्य रामनारायण बिडारीको प्रमुख आतिथ्यमा वार्षिकोत्सव समारोह सम्पन्न भएको हो ।

कार्यक्रमलाई सम्बोधन गनुहुँदै प्रमुख अतिथि बिडारीले निष्पक्ष सक्रियताको अभ्यासतर्फ लाग्नका लागि छलफल गर्न आग्रह गर्नुभयो । रेडियो सबैले सहज तरिकाले सुन्न सकिने भएकाले रेडियोको छुट्टै पहिचान हुने उहाँले धारणा राख्नुभयो । सभाध्यक्ष सुमार्गीले रेडियो सुनेर साथ सहयोग गर्ने सबै स्रोताहरुमा धन्यवाद व्यक्त गर्नुभयो ।

वार्षिकोत्सवको अवसरमा आयोजित सप्ताव्यापी कार्यक्रमको पहिलो दिन सरसफाइ कार्यक्रम भएको थियो । दोस्रो दिन बुधबार मैत्रीपूर्ण फुटसल प्रतियोगिता भएको थियो । बिहीबार साइकल र्‍याली, शुक्रबार भृकुटी माध्यमिक विद्यालयमा बालमैत्री अन्तरक्रिया कार्यक्रम र शनिबार हेटौंडा-११ स्थित हेटौंडा एकेडेमीमा साहित्यिक कार्यक्रम गरिएको थियो । आइतबार थाहा दर्शन र सोमबार सप्ताहव्यापी कार्यक्रमको समापन गरिएको हो ।

वार्षिकोत्सव समापन कार्यक्रममा विज्ञापनदातालाई सम्मान पनि गरिएको रेडियो थाहा सञ्चारका स्टेशन म्यानेजर गोकुल अधिकारीले जानकारी दिनुभएको छ । कार्यक्रममा हेटौंडा उपमहानगर पालिका ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देल, नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका संस्थापक अध्यक्ष प्रताप विष्ट, गैरसरकारी संस्था महासंघ बागमती प्रदेशका अध्यक्ष आरती पाठकलगायतको विशिष्ट आतिथ्य रहेको थियो ।

के तपाइ' 'आफ्नो व्यवसायको विज्ञापन
गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ?
यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com

# इन्जुरी संघ नेपालद्वारा साइकल यात्रा

समाज संवाददाता

हेटौँडाः स्पाइनल इन्जुरी संघ नेपाल (एसआईएसएन) ले मेची-महाकाली फन्ड रेजर साइकल यात्रा गरेको छ । अघिल्लो आइतबारबाट क्याप्टेन सुनिल प्रधान र क्याप्टेन भरत सिंह थापाले मेची पुलबाट साइकलयात्रा सुरु गर्नुभएको हो ।


स्नायु इन्जुरीबारे चेतना जगाउन र स्पाइनल इन्जुरी पुनःस्थापना केन्द्रका लागि आर्थिक सहयोग गर्न साइकल यात्रा आयोजना गरिएको क्याप्टेन थापाले जानकारी दिनुभएको छ । मेची-महाकाली बाइसाइकल फन्ड रेजर २०८०' अन्तर्गत् स्पाइनल इन्जुरी भएकाहरुले भोग्नुपर्ने चुनौतीहरुको न्यूनीकरण गर्दै पुनःस्थापना र उपयुक्त ह्वीलचेयरको आवश्यकतालाई जनमानसमा पुऱ्याउने प्रयास गर्ने गरेको उहाँले बताउनुभयो । साइकल यात्राको क्रममा प्रत्येक किलोमिटरको मूल्य पाँच हजार रुपैयाँ बराबरको सहयोग गरेर ५५ लाख रुपैयाँ बराबरको आर्थिक सहयोग गर्ने लक्ष्य लिएको जनाइएको छ ।

पुनःस्थापना केन्द्रको भ्रमण गर्ने क्रममा स्पाइनल इन्जुरी भएका व्यक्तिहरुले पनि सामान्य र सम्मानजनक जीवन बाँच्ने महसुस गरेको साइकलयात्री सुनिल प्रधानले जानकारी दिनुभयो । स्पाइन इन्जुरी भएका व्यक्तिहरुलाई हौसला प्रदान गर्नका लागि साइक्लिङमार्फत् आर्थिक सहयोग जुटाउनका लागि प्रयोग गर्ने निर्णय गरेको प्रधानको भनाइ छ ।

पुनःस्थापना केन्द्रले रोटरी क्लबहरुको सहकार्यमा स्पाइनल इन्जुरीबारे सचेतनामूलक सूचना फैलाउनुका साथसाथै साइकल यात्राको अवधिभर देशको १४ वटा ठाउँहरुमा विभिन्न कार्यक्रमको आयोजना गर्ने जनाइएको छ । साइकल यात्रा गर्ने क्रममा स्पाइनल इन्जुरी भएका व्यक्तहरुको सहयोग गर्ने उहाँले बताउनुभयो । र्‍यालीका क्रममा विभिन्न ठाउँमा स्थानीय साइक्लिस्ट समूह, रोटरी क्लबहरु र ह्वीलचेयर प्रयोगकर्ताहरु पनि सहभागी भएका छन् ।

सन् २००२ मा स्थापना भएको पुनःस्थापना केन्द्रले नेपालभर स्पाइनल कर्ड इन्जुरी, पक्षघात, मस्तिष्कघात भएका मानिसहरुको सहयोग गर्दै आएको उहाँले बताउनुभयो । गरिबीमा हुन्छ कठिनाई भन्ने नाराका साथ केन्द्रले ७७ वटा जिल्लामा स्पाइनल इन्जुरी भएका ४ हजार भन्दा बढी पीडितलाई आवश्यकताअनुसारको सेवा सुविधा दिएको उहाँको भनाइ छ । संस्थाले गर्ने कार्यक्रमहरुमा स्याकर ट्रेडिङ कम्पनी, समिट एअर, बुद्ध एअर, हिमालयन ब्यांक र दि गोलेले पनि सहयोग गरिरहेको उहाँले बताउनुभयो । अन्तर्राष्ट्रिय सहयोगीका साथै स्याकार ट्रेडिङ कम्पनी, समिट एअर, बुद्ध एअर, हिमालयन बैंक र दि गोले सहयोग गरेको छ ।

नेपालीलाई सहयोग गर्ने उद्देश्यले सञ्चालन गरेको गैरनाफामूलक संस्था भएकाले पुनःस्थापना केन्द्रले सेवा प्रदान गर्ने गरेको छ । १ हजार १ सय किलोमिटर भन्दा लामो यात्रा गर्दै यही शनिबार महाकालीको गड्डाचौकीमा यात्रा सम्पन्न गर्ने लक्ष्य लिएको उहाँले बताउनुभयो । अघिल्लो आइतबार यात्रा सुरु गरेर पूर्व-पश्चिम राजमार्ग हुँदै गत मंगलबार हेटौंडा आइपुगेका यात्रीहरुलाई रोटरी क्लब अफ हेटौंडाले स्वागत पनि गरेको थियो । स्पाइनल इन्जुरी पुनःस्थापना केन्द्रको सहयोगमा केही सहज होस् भन्न उद्देश्यले रोटरी क्लबका सचिव किशोर पराजुली र क्लबका अध्यक्ष स्वागत राज प्याकुरेलले २१ हजार रुपैयाँको चेक हस्तान्तरण गर्नुभएको थियो ।





समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ